**कुमारी बैंक लिमिटेडको**
**उन्नाईसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७६/०५/२० गते बसेको यस बैंकको सञ्चालक समितिको बैठक (संख्या ०६–०७६/७७ औं) को निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गर्नका लागि यस बैंकको उन्नाइसौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७६ साल आश्विन महिना ११ गते शनिवार (तद्नुसार २८ सेप्टेम्वर २०१९) ।
स्थान : नक्शाल ब्याक्वेट, नक्शाल, काठमाडौं ।
समय : विहान ११:३० बजे ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्ताव**

१. उन्नाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७६ को वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७५/०७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. आ.व.२०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक SR Pandey & Co., Maharajgung, Kathmandu का CA Sudarshan Raj Pandey पुनर नियुक्ती हुन सक्नु हुनेछ) ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को लागि चुक्ता पूँजीको १० (दश) प्रतिशत बोनश शेयर तथा बोनश शेयरको कर प्रयोजनार्थ नगद लाभांश ०.५२६% (शुन्य दशमलव पाँच दुई छ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने र सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गर्ने र सो शंसोधनको क्रममा नियमन निकायवाट कुनै कुराहरु फेर बदल गर्न निर्देशन भएमा सो गर्न सञ्चालक समितिलाई अधिकार हस्तान्तरण गर्ने ।
२. बैंकले आ.व. २०७५/०७६ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले,
नरेन्द्र प्रसाद छत्कुली
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारीः**

१. यस उन्नाईसौं वार्षिक साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका मिति २०७६/०५/२९ गते देखि मिति २०७६/०६/११ गते सम्म बन्द रहनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०७६/०५/२९ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोवार भएको शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र बोनश शेयर प्राप्त गर्नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

२. सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ७२ घण्टा पहिले अर्थात २०७६/०६/८ गते विहान ११:३० बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, टंगालमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ ।

३. प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सि स्वतः बदर हुनेछ ।

४. एकजना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सि) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सि) स्वतः बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सि) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि स्वतः बदर भएको मानिनेछ ।

५. छलफलको विविध विषय अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनी महानुभावहरुले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, टंगालमा लिखित जानकारी दिनु पर्नेछ । तर सो कुरा अध्यक्षको अनुमति भएमा मात्र छलफल गरीनेछ र पारित विषय अन्तर्गत समावेश गरिने छैन ।

६. शेयरधनी महानुभावहरुलाई शेयरधनीको लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ ।

७. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । साधारण सभाको हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ ।

८. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचय पत्र सहित शेयरधनी नंबर वा अभौतिकीकरण गरिसकेको शेयरको हकमा BOID (हितग्राही परिचय नंबर) प्रस्तुत गर्नुहुन अनुरोध छ ।

९. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मतिबाट आफु मध्ये नियुक्त गरिएको एक जना शेयरधनीले वा सर्वसम्मतवाट नियुक्त प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

१०. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फवाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नु हुनेछ ।

११. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फवाट सामुहिक रुपले उत्तर दिन सकिनेछ ।

**पुनश्चः** साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक भएमा बैंकको वेभसाईट www.kumaribank.com मा वा कम्पनी सचिवको कार्यालय, टंगालमा सम्पर्क राख्न सक्नु हुनेछ ।